# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

च.नं. १९६०  मिति २०७९/२/२०

विषय :- वजेट व्यवस्थापन (तर्जुमा कार्यान्वयन तथा अनुगमन मुल्याङ्क) सम्बन्धमा ।

श्री ................................................ ज्यू

..........................................................

सर्वप्रथम ३० बैशाख, २०७९ मा सम्पन्न दोस्रो स्थानीय तह निर्वाचन मार्फत हामीलाई शितगंगाको समग्र विकासको सहजकर्ताको जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण देश तथा विदेशमा रहनुभएका शितगंगा वसी आमा-बुवा, दाजु-भाई, दिदी- बहिनी प्रति हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछौं ।

सधैं, सबै, सँगै मिलेर मात्र **"समृद्ध शितगंगा, सुखी शितगंगाबासी"** को उत्कृष्ट चाहनालाई पुरा गर्न संभव छ भन्ने हाम्रो साझा मान्यता रहेको, हामीले महशुस गरेका छौं । सोही अनुसार विकासमा सवैको सहभागिता र अपनत्व बढाउने अभियानको शुरुवात गर्दैछौं ।

यसै सन्दर्भमा दोस्रो स्थानीय तह निर्वाचन पछिको शितगंगा नगरपालिकाको पहिलो नीति तथा कार्यक्रम सहितको प्रथम बजेट निर्माणमा तपाईहरुको सहकार्यमा साझेदारी गर्न पाउँदा गौरवको अनुभूति भएको छ ।

यस महान कार्यमा अब वन्ने बजेट हामी सबैको र सबैले बनाएको होस भन्ने उद्धेश्यले तपाई र आम शितगंगा बासीको चाहना र इच्छालाई पूरा गर्न कस्तो काम कसरी गरौ ? बजेट कहाँ र कसरी र्तुमा गरौं ? भन्ने प्रश्नहरुको साझा उत्तर सबैसँग खोज्दैछौं ।

तसर्थ अबको बजेट निर्माण गर्दा देहायका बुँदाहरुमा जनमुखी स्पष्ट र कार्यान्वयन योग्य बजेट व्यवस्थापन गर्न आ-आफ्ना अमुल्य राय, सुझावहरु लिखित रुपमा यहि जेष्ठ ३० गते सम्म प्रदान गरी **"समृद्ध शितगंगा, सुखी शितगंगाबासी"** को चाहना पूरा गर्ने कार्यमा हातेमालो गर्नुहुन सबैमा सादर अनुरोध गर्दछौं ।

**क. आर्थिक क्षेत्रको विकास**

- कृषि, पशुपालन तथा भू-उपयोग व्यवस्थापन
- पर्यटन क्षेत्र
- उद्योग तथा बाणिज्य क्षेत्र

**ख. सामाजिक क्षेत्रको विकास**

- शिक्षा

- स्वास्थ्य
- युवा तथा खेलकुद
- जेष्ठ नागरिक, बालवालिका, महिला, दलित, जनजाती, अपाङ्गता भएका वर्ग तथा समुदायको उत्थान
- जनसंख्या र बसाई सराई व्यवस्थापन
- गैर सरकारी संस्थाको परिचालन

**ग. पूर्वाधार क्षेत्रको विकास**

- सडक यातायात
- झोलुङ्गेपुल तथा मोटरेवल पुल
- सिंचाई
- खानेपानी तथा सरसफाई
- उर्जा क्षेत्रको विकास
- शहरी विकास तथा आवास व्यवस्थापन
- सूचना तथा संचार

**घ. वन तथा वातावरण संरक्षण र दिगो विकास**

- वन संरक्षण
- वातावरण संरक्षण
- दिगो विकासका लक्ष्यहरु पूरा गर्ने उपाय
- विपद व्यवस्थापन

**ङ. गुणस्तरिय सेवा प्रवाह, सुशासनको प्रबन्ध र लोकतन्त्रको सम्मान**

- घरदैलोमा नागरिक सेवा
- नीति कानून तथा योजना तर्जुमा र कार्यान्वयन
- नागरिक सुरक्षा
- सहकार्य, समन्वय र सहअस्थित्वको कार्यशैली अवलम्बन
- खुला सरकार र पारदर्शिता
- आचरण र अनुशासनको अभिबृद्धि
- भ्रष्टाचार नियन्त्रण

**च. प्राकृतिक श्रोत साधनको परिचालन र राजश्व व्यवस्थापन**

- ढुङ्गा, गिट्टी, बालुवाको उपयोग
- ढलेका काठहरुको संरक्षण र उपयोग
- राजश्व परिचालन

**छ. विविध**

( गीता भाट )
उप- प्रमुख

२०७४।२।२०
( छविलाल पौडेल )
प्रमुख

( हामी भूगोलमा ठूलो छौं, अब विकासमा अव्वल बन्नेछौं )

छविलाल पौडेल
नगर प्रमुख
शितगंगा नगरपालिका